सायल गाउँपालिकाका उपाध्यक्ष श्री निर्मला ओलि (बोहरा) ले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०।८१ को

# बजेट

सायल गाउँपालिका

दुदुलेगडा-०५,डोटी

CamScanner

गाउँ सभाका अध्यक्ष ज्यू,

सभाका सदस्य ज्यूहरु,

आज सायल गाउँपालिकाको तेह्रौं गाउँ सभाको सन्दर्भमा सायल गाउँपालिकाको आर्थिक वर्ष ०८०।८१ को बजेट, योजना तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म निकै नै हर्षित छु ।

सायल गाउँपालिकाको समृद्धि र समग्र विकासका लागि गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकासशील र स्वस्थ सायल निर्माण गर्ने पथमा हिडाउने महत्वपुर्ण भुमिका खेल्न पाउँदा म व्यक्तिगत रुपमा गर्वको महशुस गर्दछु ।

डोटी जिल्ला भौगोलिक हिसाबले सुन्दर जिल्ला हो । देश संघीय संरचनामा गइसकेपछि जनताले नजिकबाट सरकारसँग आफ्ना माग, आवश्यकता, चाहानाहरु सजिलैसँग राख्न सक्ने अवस्था सिर्जना भएको छ । जुन सबैक लागि सुखद् पक्ष हो । तसर्थ यो व्यवस्थालाई मजबुद बनाई आगामी कार्यदिशा जनकेन्द्रित बनाउनु सिंगो गाउँपालिका र जनप्रतिनिधिका लागि चूनौतीको विषय बनेको छ । यस चुनौतिलाई अवसरको रुपमा लिनु हामी सबैको कर्तव्य हो । यद्यपि सायलमा प्रकृतिले वरदान स्वरुप दिएका थुप्रै संभावनाहरु हामीसँग छन् । जल, जमिन, जंगल, जडिबुटी लगायत थुप्रै प्राकृतिक स्रोतहरु परिचालन गर्न सकेमा गाउँपालिकाले विकासका सम्भावनाहरुलाई मुर्त रुप दिन सक्छौ भन्ने विश्वास लिएको छु । आर्थिक मन्दीले देश धरासायी भएको बेला त्यसको नकारात्मक असर सार्वजनिक सेवा प्रवाह र विकास निर्माणमा परेको अवस्थामा आवश्यक संयन्त्रहरु चुस्त दुरुस्त राखी केन्द्र र प्रदेश सरकारसंग समन्वय सहकार्य मार्फत विकासका प्रतिफल हासिल गर्न हामी सबैको प्राथमिकतामा हुनुपर्ने देखिन्छ । उक्त सन्दर्भलाई आत्मसात् गर्दै भावी कार्यदिशा, गाउँपालिकाको आवश्यकता र जनताको विकासको माग अनुरुप बजेट विनियोजन गरिएको व्यहोरा यस सभा समक्ष अनुरोध गर्न चाहान्छु ।

सभा अध्यक्ष तथा सदस्य ज्युहरु,

अव म आगामी आर्थिक बर्ष २०८०।८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहान्छु । बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरेको छु ।

CS CamScanner

(1) विभिन्न विपतका कारण सृजना भएका जटिलताहरुसंग सजक रहदै सोही बमोजिमका अनुकुल कार्यक्रम बनाई आवश्यक कार्यान्वयन गर्ने ।

(2) नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेको आवश्यकताहरु सिघ्र परिपूर्ती गर्दै जीवन स्तरमा गुणात्मक सुधार गर्ने ।

(ख) उपलब्ध स्रोत साधन, अवसर र क्षमताको उच्चतम उपयोग तथा न्यायिक वितरण गर्दै सामाजिक न्याय सहितको आर्थिक बिकास गर्ने राष्ट्रिय लक्ष्यलाई पुरा गर्न अधिकतम प्रयास गर्ने ।

(ग) आर्थिक भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने राष्ट्रिय लक्ष्यलाई पछ्याउदै समुन्नत र समृद्ध समाजबाद उन्मुख अर्थतन्त्रको आधारशिला तयार गर्ने ।

(घ) राष्ट्रिय अर्थतन्त्र धरासायी भएको अवस्थामा गाउँपालिकाले गर्ने विकासका कार्यहरुलाई निरन्तरता दिन आवश्यक आन्तरिक संयन्त्र विकास गर्ने ।

(ङ) आर्थिक समुन्नतिका लागी उल्लेख्य सम्भावना रहेका कृषि क्षेत्रहरु पहिचान गरि लगानि वृद्धि गर्ने तथा पशुहरुमा महामारिको रुपमा फैलिरहेको लम्पी स्किन डीजेज लाई निर्मुल पार्न आवश्यक बजेट छुट्याई कार्यान्वयन गर्ने।

(च)

माथि उल्लेखित बजेटका उद्देश्यहरु हासिल गर्न देहाय अनुसार कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

(क) विपत व्यवस्थापनको लागी आवश्यक बजेट विनियोजन गर्ने

(ख) स्थानीय स्तरमा रोजगारीका अवसरमा वृध्दि गर्ने

(ग) चरम गरिवी अन्त्य र पिछडिएका क्षेत्र बर्ग र समुदायको शीघ्र उत्थान गर्दै सामाजिक सुरक्षाको बिस्तार सहित लोककल्याणकारी राज्य व्यवस्था निर्माणमा सहयोग पुरयाउने ।

(घ)कृषि क्षेत्रको आधुनिकीकरण व्यवसायीकरण र विविधीकरण,

CamScanner

(ङ) दिगो सडक निर्माण र गुणस्तरीय स्तरोन्नती,

(च) शिक्षा स्वास्थ्य खानेपानी र सरसफाईमा उचित लगानी र प्रवर्धन,

(छ) सार्वजनिक प्रशासनको सवलीकरण र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग,

(झ) संस्थागत विकास अनुगमन र नियमन ।

**सभा अध्यक्ष तथा सदस्य ज्युहरु,**

आगामी आर्थिक वर्ष ०८०।०८१ को लागि प्रस्तावित बजेट, योजना तथा कार्यक्रमले निम्न बमोजिमका मूलभूत विषयहरुलाई समेटेको व्यहोरा यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

**आगामी आर्थिक वर्ष ०८० ।८१ को अनुमानित आन्तरिक आम्दानी ( राजस्व ) तर्फ**

| क्र. स. | वजेट शिर्षक | आय अनुमान रकम (अंकमा) | रकम (अक्षरमा) |
|---|---|---|---|
| १ | सिफारिस दस्तुर | ५००००० | पाँच लाख |
| २ | एकिकृत सम्पत्ति कर | ५०००० | पचास हजार |
| ३ | व्यक्तिगत घटन दर्ता दस्तुर | २००००० | दुई लाख |
| ४ | न्यायिक दस्तुर | २००० | दुई हजार |
| ५ | नाता प्रमाणित दस्तुर | २०००० | बीस हजार |
| ६ | अन्य दस्तुर | ५००० | पाँच हजार |
| ७ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ५०००० | पचास हजार |
| ८ | अन्य प्रशासनिक सेवा शुल्क | २८००० | अठाईस हजार |
| ९ | अन्य राजस्व (ऐस्काभेटर र एम्बुलेन्स) | २०००००० | बीस लाख |
| १० | व्यवसाय रजिष्ट्रेसन दस्तुर | १५००० | पन्ध्र हजार |
| ११ | न्यायिक दण्ड जरिवाना जफत | ५०००० | पचाँस हजार |
| १२ | बेरुजू | ५०००० | पचास हजार |

CamScanner

| | | | |
|---|---|---|---|
| १3 | सरकारि सम्पत्तिको बिक्रिबाट प्राप्त आय | १००००० | एक लाख |
| १४ | अन्य कर | ५०००० | पचास हजार |
| १५ | मालपोत/भुमिकर | २८०००० | दुई लाख असि हजार |
| | जम्मा | ३४००००० | चौतिस लाख |

## आगामी आर्थिक वर्ष ०८०।८१ को आय तथा व्ययको विवरण

**आय तर्फ**

| क्र. श. | वजेट शिर्षक | रकमा(अंकमा) | रकम (अक्षरमा) |
|---|---|---|---|
| १ | संघिय सरकारवाट प्राप्त वित्तिय समानिकरण अनुदान | ७९६००००० | सात करोड छयानब्बे लाख |
| २ | संघिय सरकारवाट सशर्त अनुदान चालु | १४६९००००० | चौध करोड उनान्सत्तरी लाख |
| ३ | संघिय सरकारवाट सशर्त अनुदान पुजीगँत | ५२०००००० | बाउन्न लाख |
| ३ | संघिय सरकारको राजश्व बाँडफाँड अनुदान | ८५८३३४०० | आठ करोड अन्ठाउन्न लाख तेतिस हजार चार सय |
| ४ | संघिय सरकार बाट प्राप्त समपुरक अनुदान | ११५०००००० | एक करोड पन्ध्र लाख |
| ५ | संघिय सरकार बाट प्राप्त विषेश अनुदान | ८०००००० | असी लाख |
| ४ | प्रदेश सरकारवाट प्राप्त वित्तिय समानिकरण अनुदान | ६३४१००० | त्रिसठ्ठी लाख एकचालिस हजार |
| ५ | प्रदेश सरकारवाट राजस्व बाडफाड वापत प्राप्त अनुदान | १६८८००० | सोह्र लाख अठासि हजार |
| ६ | प्रदेश समपुरक अनुदान | ९९९०००० | उनान्सय लाख नब्बे हजार |
| ६ | प्रदेश विशेष अनुदान | ८०००००० | असी लाख |
| ७ | आन्तरिक आम्दानी अनुमान | ३४००००० | चौतिस लाख |

| ८ | कोष मौज्दात | १०००००० | दश लाख |
|---|---|---|---|
| जम्मा | | ३६७४५२४०० ( छत्तिस करोड चौहत्तर लाख बाउन्न हाजार चार सय रुपैया मात्र ) | |

**व्यय तर्फ**

| क्र. स. | वजेट शिर्षक | रकम (अंकमा) | रकम अक्षेरमा |
|---|---|---|---|
| १ | **कृषि विकास तर्फ** | २५००००० | पच्चीस लाख |
| २ | पशु सेवा विकास तर्फ | २५००००० | पच्चीस लाख |
| ३ | स्वास्थ्य तर्फ | १२०००००० | एक बीस करोड |
| ४ | शैक्षिक विकास कार्यक्रम तर्फ | २०००००००० | दई करोड |
| ५ | खानेपानी एवं सरसफाई तर्फ( Wash ईकाई ) | ५००००० | पाच लाख |
| ६ | **आयुर्वेद सेवा कार्यक्रम तर्फ** | १०००००० | दश लाख |
| ७ | **वन तथा वातावरण तर्फ** | २२२४०० | दुई लाख बाईस हजार चार सय |
| ८ | **गा पा पुजीगत तर्फ** | ३०८००००० | तीन करोड आठ लाख |
| ९ | **वडागत पुजी तर्फ ( प्रत्येक वडामा ३० लाखका दरले )** | १८०००००० | एक करोड असि लाख |
| १० | **गा पा चालु तर्फ** | ५८०००००० | पाचँ करोड असी लाख |
| ११ | **वडागत चालु तर्फ** | ४८००००० | अड्चालिस लाख |
| १० | **सुचना प्रविधि तथा संचार तर्फ** | १५००००० | पन्ध्र लाख |
| ११ | **सम्पुरक कोष तर्फ** | २१४९०००० | दुई करोड चौध लाख नब्बे हजार |
| १२ | **कला संस्कृति तथा पर्यटन तर्फ** | १५०००० | एक लाख पचास हजार |
| १३ | **रोजगार सेवा केन्द्र तर्फ** | ५००००० | पाच लाख |
| १४ | **नेपाल सरकारबाट प्राप्त शशर्त अनुदान चालु** | १४६९०००००० | चौध करोड उनान्सत्तरि लाख |
| १५ | **नेपाल सरकारबाट प्राप्त शशर्त अनुदान पुजी** | ५२००००० | **बाउन्न लाख** |
| १६ | **नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान** | ११५००००० | **एक करोड पन्ध्र लाख** |

CamScanner

| | | | |
|---|---|---|---|
| १७ | नेपाल सरकारबाट प्राप्त विशेष अनुदान | ८०००००० | असि लाख |
| १८ | प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ८०००००० | असि लाख |
| १९ | प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ९९९०००० | उनान्सय लाख नब्बे हजार |
| जम्मा वजेट | | ३६७४५२४०० | छत्तिस करोड चौहत्तर लाख बाउन्न हजार चार सय |

**सभा अध्यक्ष तथा सदस्य ज्युहरु ,**

माथि विनियोजित बजेट अन्तर्गत बस्ती, वडा तथा विषयगत र एकीकृत हुदैं प्राथमिकतामा परेका योजनाहरुको सफल कार्यान्वयनका लागि डिजाईन स्टिमेट, विस्तृत परियोजना प्रतिवेदनका आधारमा यहाँहरु सबैको रचनात्मक सुझाव, कार्यपालिकाको पूर्ण बैठकबाट पारदर्शी र सबै वडा वस्तीमा सन्तुलित रुपमा बजेट खर्च गर्न आवश्यक कार्यविधि, नीति नियमहरु निर्माण गरि कार्यान्वयन गर्ने व्यवस्था गर्नेछु ।

अन्त्यमा, प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गरी सहयोग गर्नुहुने सम्पुर्ण बौद्धिक वर्ग, विषयगत समितिका सदस्य ज्युहरु, कार्यपालिकाका सदस्य ज्युहरु,वडापालिकाका सदस्यज्यूहरु तथा सम्पूर्ण सायलबासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुरयाउने अपेक्षा गरेको छु । प्रस्तावित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन बृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु ।

आर्थिक वर्ष ०८०।०८१ को बजेट योजना तथा कार्यक्रमको कार्यान्वयनमा सायल वासी नेपाल सरकार, राजनीतिक दलहरु, नागरिक समाज, गैर सरकारी संघ–संस्था, र कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा राखेको छु ।

धन्यवाद ।

निर्मला बोहरा (_ओलि )

सायल गाउँपालिका, डोटी

CamScanner

२०८० असार १० गते

CamScanner